# कर

## १ करका प्रकारहरु, सोधपुछ

| करका प्रकारहरु | सोधपुछ |
|---|---|
| विशेष शहर निवासी कर वन व्यवस्थापन कर, हल्का मोटरगाडी कर (प्रकारअनुसार), विशेष शहर चुरोट कर, खनिज उत्पादन कर, स्नान कर | विशेष शहर निवासी कर तथा वन व्यवस्थापन कर, विशेष निवासी कोष को बारेमा पूछताछ २ मा हेर्नुहोस<br>अन्य सबैको लागि कराधान डिभिजन (सामान्य मामिला र विविध कर)<br>☎03-5744-1192 |
| रियल इस्टेट अधिग्रहण कर, वाहन करहरु, सम्पत्ति कर, सिटी योजना कर, आदि। | ओटा मेट्रोपोलिटन कराधान कार्यालय<br>☎03-3733-2411 |
| २ कर्पोरेट करहरू (कर्पोरेट बिजनेस करहरू, नगरपालिका करहरू), व्यक्तिगत व्यापार करहरू | शिनगावा मेट्रोपोलान्टन कर कार्यालय<br>☎03-3774-6666 |
| कार्यालय करहरू | मिनातो महानगर कर कार्यालय<br>☎03-5549-3800 |
| आय करहरू, कर्पोरेट करहरू, विरासत करहरू, उपहार करहरू, उपभोग कर , मदिरा कर , आदि। | ओमोरी कराधान कार्यालय ☎03-3755-2111<br>युकिगया कराधान कार्यालय ☎03-3726-4521<br>कामता कराधान कार्यालय ☎03-3732-5151 |

## २ विशेष शहर निवासी कर तथा वन व्यवस्थापन कर बारे सोधपुछ

| निवास क्षेत्र | कर भुक्तानी र रिपोर्टिंग सम्बन्धी | कर भुक्तानी सम्बन्धी |
|---|---|---|
| ओमोरी ,सान्नो , मागोमे , चुओ , इकेगामी , हेइवाजिमा | कराधान डिभिजन (ओमरी क्षेत्र)<br>☎03-5744-1194 | कर भुक्तानी डिभिजन ओमोरी<br>☎03-5744-1200 |
| मिनेमाची, डेन-एन चोफु, उनोकी, युकिगया,चिदोरी , क्युगहारा , सेन्जोकु, ईशिकावा-चो, नाकाइकेगामी, कामीकेदै | कराधान डिभिजन (चोफु क्षेत्र)<br>☎03-5744-1195 | कर भुक्तानी डिभिजन चोफु<br>☎03-5744-1201 |
| कामता, कोजिया, हानेदा , हागिनाका, रोकोगु, यागुची , शिनोमारुको, तामागावा | कराधान डिभिजन (कामता क्षेत्र)<br>☎03-5744-1196 | कर भुक्तानी डिभिजन कामता<br>☎03-5744-1202 |
| ओता वार्ड क्षेत्र बाहिर | | कर भुक्तानी विभाग विधान क्षेत्र बाहिर<br>☎03-5744-1203 |

## ३ बासोबास कर :

प्रशासनिक सेवा खर्च उठाउनका लागि वार्डका वासिन्दालाई बासोबास कर लगाइन्छ । बासोबास करमा बिशेष शहरी बासोबास कर र टोकियो महानगरपालिका बासोबास कर पर्छ । वासिन्दाको अघिल्लो बर्ष को जनवरी देखी डिसेम्बर सम्म को कमाइ का आधारमा बसोबास कर लगाइन्छ ।

जनवरी १ देखी वसोवास सुरु गरेका सम्पूर्ण ओता शहरका वासिन्दाहरुको अघिल्लो बर्षको कमाइमा जून महिनामा यो कर लगाइने छ । अनि रेइवा ६ साल देखि निवासी कर सँगसँगै वन व्यवस्थापन कर पनि लगाइनेछ। (ध्यान दिनुहोला : ओता वार्ड बाट बसाँई सराई गर्नेले उक्त बर्षको जनवरी १ को बसोबास कर बसोबास दर्ता गरिएको नगरपालिकामा बुझाउनु पर्नेछ ।) ओता वार्डमा नबस्ने तर ब्यापार विस्तार गरेका, अफिस भएका , रियल स्टेट सम्पत्ती भएकाले पनि बसोबास कर तिर्नुपर्नेछ । विस्त्रित जानकारीको लागि कराधान डिभिजन सम्पर्क गर्नुहोला ।

## (१) कर रिपोर्ट

प्रतेक बर्ष कराधान डिभिजन फेब्रुअरी १६ र मार्च १५ भित्र अघिल्लो क्यालेन्डर वर्ष (जनवरी देखि डिसेम्बर) बर्षको आफ्नो कमाइको रिपोर्ट गर्नुहोल । यदी कमाइ छैन भने पनि कृपया रिपोर्ट गर्नुहोला । तथापि कराधान कार्यालयमा अन्तिमा कर फिर्ता भरेका अथवा तलवी आय श्रोत भएका र जस्को तलब भुक्तानिको रिपोर्ट कार्यालय ले बुझाउंछ उक्त ब्यक्तिहरुले रिपोर्ट बुझाउनु पर्दैन ।

## (२) आय छुट

आय कटौती भनेको कर तिर्नुपर्ने प्रत्येक व्यक्तिको वास्तविक अवस्था अनुसार कर निश्चित गर्नको लागि सोही व्यक्तिको आयबाट कर लाग्ने पैसा घटाउने प्रबन्ध हो। अशक्तता कटौती, उपचार खर्च कटौती, एक्लो बुबा वा एक्ली आमा कटौती , सामाजिक बिमा कटौती. आश्रित कटौती आदि हुन्छन्।

## (३) निवासी कर तथा वन व्यवस्थापन कर तिर्ने तरिका

कर तिर्ने २ तरिकाहरु छन ।

### (१)तलबबाट विशेस संकलन

यदी तपाईं मासिक तलब खाने कर्मचारी हो भने तपाईंको रोजगार दाताले बुझाएको तलब भुक्तानीको आधारमा ओता शहर कर डिभिजनल करको रकम तोक्ने छ त्यसपछी तपाईंको रोजगारदाताले सो रकम  तपाईंको तलब बाट काटी कार भुक्तानी गर्दिनेछ । ( कुनै कुनै अवस्थामा प्रतेक तलबी कर्मचारीले ब्यक्तिगत रूपमा कर तिर्नुपर्नेछ ।

### (२)नियमित संकलन

तलबी आय नभएका कर्मचारीहरुका लागि जस्ताई स्वो:रोजगार ब्यक्तिहरुले कृपया कर को रकम ४ किस्तामा (जून, अगस्ट, अक्टोबर र आउने बर्षको जनवरीमा) ब्यक्तिगत रूपमा कराधान डिभिजन पठाएको स्टेटमेन्ट प्रयोग गरी प्रतेक बर्षको जुन महिनामा बुझाउनु होला । भुक्तानी बुझाउने ठाँउहरु शहर कार्यालय, कर भुक्तानी डिभिजन, साखा कार्यालय (प१७), बैंकहरू, क्रेडिट बैंकहरू / युनियनहरू, जापान पोस्ट बैंक, हुलाक कार्यालयहरू, सुविधा भण्डारहरू, र MMK का  स्टोरहरू (बारकोडभएको  भुक्तानी स्लिपहरू आवश्यक पर्दछ) साथै निवासी कर तथा वन व्यवस्थापन कर तिर्न वित्तीय संस्थाको बैंक खाताबाट ट्रान्सफर प्रयोग गर्न सकिन्छ।

मोबाइल क्यास रजिष्टर (मोबाइल रेजी) प्रयोग गरे भने वित्तीय संस्थाको काउन्टर वा कोम्बिनी नगई स्मार्टफोन सञ्चालन मात्र गरेर कर भुक्तानी गर्न सकिन्छ। विस्तृत जानकारीको लागि कर भुक्तानी डिभिजनमा सम्पर्क गर्नुहोस्।

## (४) जापान छोडेर जानु अघी गर्नुपर्ने प्रकृयाहरु :

यदी तपाईं वासिन्दाको रूपमा कर तिरीरहनु भएको छ र बसोबास कर सुचना नाआउँदै जापान छोडेर जाँदै हुनुहुन्छ भने आफ्नो कर तिरिदिने ब्यक्ती तोकेर कर तिर्ने ब्यवस्था मिलाउनुहोस अथवा जानु अघी(अग्रिम) कर भुक्तानी गर्नुहोस । यदी बसोबास कर सुचना प्राप्त गरेपची जांदै हुनुहुन्छ भने बाँकी को कार तिर्ने ब्यक्ती लाई तोक्नुहोस् वा बाँकी भएको कर तिरेर मात्र जापान छोडेर जानुहोला ।

### (५) कर भुक्तानी परामर्श

कर तिर्नमा समस्या आएमा कृपया ओता सिटी हल कर भुक्तानी डिभिजन संपर्क गर्नुहोला । कर तिर्न ढिलाई गरेमा वा नतिरेमा कारोवार रोक्का गरिने छ ।

## ४ हलुका सवारी कर



[सोधपुछ] कराधान डिभिजन (सामान्य मामिला र विविध कर) ☎03-5744-1192

हरेक वर्ष अप्रिल १ तारिखको मितिमा हल्का सवारी वा इन्जिन भएको सानो मोटरसाइकललाई आफ्नो स्वामित्वमा राखेको व्यक्तिलाई (सवारी धनीलाई) कर लगाइन्छ।

अप्रिल २ तारिख वा सोभन्दा पछि सवारी धनीले आफ्नो हल्का सवारी वा इन्जिन भएको सानो मोटरसाइकलको नामसारी गरे पनि वा दर्ता हटाए पनि अप्रिल १ तारिख मितिकै धनीले त्यो आर्थिक वर्षको हल्का मोटरगाडी कर (प्रकारअनुसार) को सम्पूर्ण रकम भुक्तानी गर्नुपर्नेछ। विस्तृत जानकारीको लागि कराधान डिभिजन (सामान्य मामिला र विविध कर)मा सम्पर्क गर्नुहोस्।

### (१) हलका सवारी साधन फाल्न र दर्ता गर्नेबारे सुचना

हलका सवारी / मोटारसाइकल फाल्दा, नामसारी गर्दा, बच्दा अथवा ओ ता शहर बाट बाहिर बसाइँ सराइँ  गर्दा ३० दिन भित्र सिटी कार्यालयमा जानकारी गराउनुहोला ।
जानकारी नगराएमा सो साधनको कर तिरीरहनु पर्ने जस्ता समस्याहरु आउन सक्छन ।

| सवारी साधन  को प्रकार | सुचना डेस्क |
|---|---|
| १२५ cc वा तलको इन्जिन भएको सानो मोटरसाइकल सानो विशेस सवारी (क्रिषीका साधन आदी)  | कराधान डिभिजन (सामान्य मामिला र विविध कर) ☎03-5744-1192 (सवारी फाल्ने सम्बन्धी सल्लह पनि साखा कार्यालय(प१७) बाट उपलब्ध हुन सक्नेछ । ) |
| १२५ cc माथिको मोटरसाइकल , २ पाङ्गे हलुका सवारी, २ पाङ्गे अटोम्यटिक साना सवारी  | दर्ता विभाग, टोकियो यातायात साखा कार्यालय फोन ☎050-5540-2030 |
| ६६० cc वा तलको ४ पांग्रे हलुका सवारी  | केईजिदोसा केन्सा क्योकाइ टोकियो प्रमुख कार्यालय हलका सवारी जाँच साखा फोन ☎050-3816-3100 |

※ ६६० cc भन्दा माथिको सवारी साधनहरुको बारेमा महानगर कर कार्यालयमा सम्पर्क गर्नुहोला . ☎03-3733-2411

### (२) हलुका सवारी कर (प्रकारअनुसार) भुक्तानी गर्ने तरिका

हरेक वर्ष मे महिनाको मध्यतिर शहरबाट "हल्का सवारी (प्रकारअनुसार) कर भुक्तान सूचना पत्र" पठाइन्छ। भुक्तानी म्यादको अन्तिम दिन (मे महिनाको अन्तिम दिन) सम्ममा बैङ्क र हुलाक कार्यालयजस्ता वित्तीय संस्था, शहर कार्यालय, साखा कार्यालय (प१७), वा कोम्बिनी, MMK (मल्टिमेडिया कियोस्क) भएको पसलमा भुक्तानी गर्नुहोला। साथै बैङ्क खाताबाट ट्रान्सफर, मोबाइल क्यास रजिष्टर (मोबाइल रेजी) र क्रेडिट भुक्तानी पनि प्रयोग गर्न सकिन्छ।

## ५ कर प्रमाणपत्रहरू

[सोधपुछ]कराधान डिभिजन (सामान्य मामिला र विविध कर) ☎03-5744-1192

### (१) वार्ड दवारा जारी कर प्रमाणपत्र

| करको प्रकार | प्रमाणपत्र को प्रकार | प्रमुख उपयोगीताहरु |
|---|---|---|
| निवासी कर<br>वन व्यवस्थापन कर | कर योग्यता<br>(गैर कर योग्यता)<br>प्रमाणपत्र | आय साबित गर्न प्रयोग गरिने |
| | कर भुक्तानी प्रमाणपत्र | कर भुक्तानी गरेको प्रमाणित गर्न प्रयोग गरिने |
| हलका<br>साधन कर<br>(प्रकारअनुसार) | कर भुक्तानी प्रमाण पत्र<br>(निरन्तर सर्वेक्षणका लागि, सामान्य) | निरन्तर परीक्षणको लागि: हल्का सवारी आदिको निरन्तर परीक्षण (सवारी परीक्षण) दिने बेलामा प्रयोग गरिने<br>साधारण प्रयोगको लागि: बिक्री-खरिद वा नामसारीको लागि प्रयोग गरिने |

### (२) के लिएर आउँने

ब्यक्तिगत रूपमा गर्दा : परिचय खुल्ने कागज पत्र (सवारी चालक प्रमाण पत्र वा स्वास्थ्य बिमा प्रमाणपत्र आदी )
प्रतिनिधिद्वारा गराउँदा : आधिकारिक चिट्ठी , हकवालाको परिचय खुल्ने कागजात ( सवारी चालक प्रमाण पत्र वा स्वास्थ्य बिमा प्रमाणपत्र)
परिवारको सदस्यले पनि आधिकारिक पत्र ल्याउनु पर्छ ।
★अख्तियारनामा बुझाउनको लागि ओता वार्ड होमपेजबाट फर्म डाउनलोड गरेर आवश्यक जानकारी भरन सकन्छि अथवा कागजमा नम्नि जानकारी लेखेर दनि पनि सकन्छि।
>शीर्षक ; “अख्तियारनामा”
>पठाइने ; “(आतेसाकी) ओता वार्ड प्रमुख”
>मति ; “रेइवा -- साल -- महनिा -- तारखि”
>अख्तयिार सुम्पने व्यक्तबिारे ; “अख्तयिार सुम्पने व्यक्त ; ठेगाना, नाम, जन्म मति”
नाम लेखेपछ छाप पन लगाउनुहोस्। (सावधान; आफ्नो अख्तयिार सुम्पने व्यक्तकिो नाम अवश्य आफैले हस्तलखिति गर्नु पर्छ।)
वारसिनामा गर्ने कुरा नम्नि अनुसार लेख्नुहोस्।
“म नम्नि व्यक्तलिाई - सालको (करकट्टी / कर भुक्तानी) प्रमाणपत्र जारी नविदेन दनि तथा आदान गर्ने अख्तयिार सुम्पन्छु।”
प्रतनिधिबिारे ; “प्रतनिधि ; ठेगाना, नाम, जन्म मति”

## ६ अन्य करहरु

### (१) आय कर

आय कर :ब्यापारबाट आएको आय , तलब , रोजगारदाता बाट पाएको बोनसमा लगाइने कर आय कर हो । स्वयम: मुल्याङ्कनमा आधारित भएर ब्यापार चलाउने ब्यक्तिले आफ्नो कर को रकम कर फिर्ता सँग सँगै कर प्रणाली रोक्का जहाँ तलब र मजदुरी बाट कर घटाइ रोजगारदाताले तलबी कर्मचारीको तर्फबाट कर बुझाई दिई स्वयमको रकम निर्धारण गर्छन् ।

### (२) उपभोग कर

सामान अथवा सेवामा लगाइने करलाई उपभोग कर भनिन्छ । पसलहरुमा र आन्य सुबिधा प्रदान गर्ने शुल्कमा उपभोग कर जोडीएको हुन्छ ।

८

(३) सम्पत्ती कर :

जग्गा-जमिन , घर र अन्य मुल्यवान अचल धन (ब्यापारमा प्रयोग गरिने जग्गा- जमिन बाहेकका अचल सम्पत्ती) मा हरेक बर्षको जनवरी १ मा लगाइने कर हो ।
सम्पत्तिको मुल्यमा आधारित भएर सम्पत्ती कर निर्धारण गरिन्छ ।

(४) अचल सम्पत्ती प्राप्ती कर

अचल सम्पत्ती जस्तै जग्गा-जमिन , घरएलु सम्पत्ती वा आवासीय भवनहरु निर्माण गर्दा लगाइने करलाई अचल सम्पत्ती प्राप्ती कर हो ।

(५) कर संधि

कर ठगि तथा दोहोरो कर महशुल हटाउनका लागि कर संधि गरिएको हो । यो संधि अन्तरगत केही मापदन्डहरु पुरा गरेमा आय कर र बसोबास करमा छुट पाउन सकिन्छ ।
आय कर र बसोबास करमा छुटको लागि दाबी गर्न लाई क्रमश निबेदन दिनुपर्छ।

टिप्पणी